लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: ०८२/०८३
च.नं.: ४९

मिति: २०८२/०४/२१

विषय: आवेदन पेश गर्ने बारे।

श्री इच्छुक र योग्य विद्यार्थीहरु सबै।

प्रस्तुत विषयमा काठमाण्डौं विश्वविद्यालय रजिष्ट्रारको कार्यालयको प.सं. ३०/१४६४/२०८१/०८२ मिति २०८२/०३/२६ को प्राप्त पत्रानुसार उक्त विश्वविद्यालयमा स्नातक तहमा **शिक्षण शुल्क छात्रवृत्तिका** लागि तोकिएका विषयहरु: BE in Mining Engineering, BE in Chemical Engineering, BE in Environmental Engineering, Bachelor in Health Informatics, BSc in Environmental Science, BSc in Agriculture मा प्रत्येक विषयमा १/१ जनाको नाम सिफारिस गरिदिने बारे लेखि आएको हुँदा यस प्रदेशमा स्थायी ठेगाना भएका, चालु शैक्षिक वर्ष २०८२ मा कक्षा १२ मा विज्ञान विषयको अध्ययन पूरा गरेका, माथि तोकिएका जुनसुकै विषयमा पनि अध्ययन गर्न इच्छुक भएका, उक्त विश्वविद्यालयको नियमानुसार शिक्षण शुल्क बाहेक लाग्ने अन्य शुल्क व्यहोर्न सक्षम र इच्छुक विद्यार्थीहरुले देहायका कागजातहरु स्पष्टसँग देखिने गरी एउटै Pdf file मा Scan गरेर इमेल mosdfive@gmail.com मा मिति २०८२/०५/०१ गते कार्यालय समयभित्र आइपुग्ने गरी आवेदन पेश गर्न हुन अनुरोध छ।

वेगम के.सी.
वरिष्ठ शिक्षा अधिकृत

स्क्यान गरी पठाउनु पर्ने कागजात:

१. यसै पत्रमा साथ संलग्न ढाँचाको निवेदनमा सबै विवरण स्पष्ट खुलेको निवेदन।
२. कक्षा ८, १०, ११, १२ उत्तीर्ण गरेको मार्कसिट र सर्टिफिकेट।
३. विद्यार्थीको नागरिकताको प्रमाण पत्र (दुबै साइडको)।
४. स्थायी ठेगाना रहेको वडाबाट अभिभावक (आमा/बाबु) को पेशा वा रोजगारीको अवस्था र अनुमानित वार्षिक आम्दानी खुलेको सिफारिस पत्र।
५. अभिभावक (आमा/बाबु) सरकारी वा निजी संस्थामा कर्मचारी भए अभिभावकको कार्यरत कार्यालयबाट मासिक आम्दानी खुल्ने पत्र।
६. दलित, आदिवासी, जनजातिको हकमा सम्बन्धित निकायबाट व्यहोरा प्रमाणित गरेको कागजात।
७. अभिभावक गरीब वा विपन्न नागरिक भए नेपाल सरकारबाट उपलब्ध भएको विपन्न नागरिक परिचयपत्र।

नोट: १. यी सबै कागजातहरु एउटै पिडिएफ फाइलमा स्क्यान गरी एक पल्ट मात्रै पठाउनु पर्नेछ। प्राप्त भएको बारे इमेलबाटै जानकारी गरिनेछ।

२. छनौट भएका विद्यार्थीलाई छनौट भएको विषय अनुसार लाग्ने जम्मा शुल्क मध्ये शिक्षण शुल्कको रकम मात्रै छुट हुने र विश्वविद्यालयको नियमानुसार थप शुल्क: भर्ना, रजिष्ट्रेशन, विकास, अन्य शुल्क, सुरक्षा शुल्क, स्वास्थ्य बिमा शुल्क विद्यार्थीले व्यहोर्नु पर्ने व्यहोरा पनि अवगत गराइन्छ।

३. विद्यार्थीहरुले काठमाण्डौं विश्वविद्यालयको छनोटको आधारहरु पूरा गर्नु पर्नेछ।

लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः ०८२/०८३
च.नं.:

## शिक्षण शुल्क छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

यस ढाँचामा ...... ले संकेत गरिएका खाली ठाँउमा सबै विवरण स्पष्ट देखिने गरि भर्ने।

मितिः........................

श्रीमान सचिवज्यु
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल।

विषयः शिक्षण शुल्क छात्रवृत्तिका लागि सिफारिस गरिपाउँ बारे।

प्रस्तुत विषयमा काठमाण्डौं विश्वविद्यालयमा इन्जिनिरिङ/विज्ञान विषयको स्नातक तह शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्नका लागि इच्छुक भएकोले तपसिलको विवरण सहित सिफारिसका लागि यो निवेदन पेश गरेको छु।

तपसिलः

नामः.......................................... सम्पर्क मोबाइल नं.:............................ इमेलः.....................

एकीकृत शैक्षिक सूचना प्रणालीमा विद्यार्थीको IEMIS NO:.............................................................

स्थायी ठेगानाः जिल्ला........................पालिका.....................................वडा नं.:..........................

अस्थायी ठेगानाः जिल्ला........................पालिका...................................वडा नं.:..........................

बाबुको नामः...........................................आमाको नामः....................................................

बाबुको पेशाः...........................................आमाको पेशाः....................................................

परिवारको बार्षिक आम्दानी अनुमानित.............................................................................

दलित/जनजाति/अन्यः...............................................लिङ्गः...................................................

विपन्न नागरिक परिचयपत्र छ वा छैनः.................................................

राष्ट्रिय परिचयपत्र (National ID) नं.:...........................................................

उत्तीर्ण गरेको कक्षा तहको GPA/CGPA र उत्तीर्ण गरेको वर्षः

| | कक्षा ८ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|
| GPA/CGPA | ................ | .............. | .............. | .............. |
| उत्तीर्ण गरेको वर्ष | ................ | .............. | .............. | .............. |

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

पत्र संख्या: ०८२/०८३ राप्ती उपत्यका (देउखुरी), नेपाल

च.नं.:

अध्ययन गर्न चाहेको प्राथमिकताक्रम

| क्र.सं. | विषय | प्राथमिकता नं. |
|---|---|---|
| १ | BE in Mining Engineering | ........................ |
| २ | BE in Chemical Engineering | ........................ |
| ३ | BE in Environmental Engineering | ........................ |
| ४ | Bachelor in Health Informatics | ........................ |
| ५ | BSc in Environmental Science | ........................ |
| ६ | BSc in Agriculture | ........................ |

बाँयाको तालिकाको प्राथमिकता कोलम भर्दा आफूले अध्ययन गर्न चाहेको पहिलो प्राथमिकतालाई १, दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौंलाई ५ र छैठौंलाई ६ लेख्ने। सबै विषयहरुलाई प्राथमिकीकरण गर्ने

माथि उल्लेख गरेका सबै विवरण स्पष्टसँग भरेको छु। उक्त विवरण सत्य छन। शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्ने अवसर प्राप्त गरेमा विश्वविद्यालयको नियमानुसार अनुशासित भई अध्ययन कार्यपूरा गर्नेछु। अध्ययन पश्चात देश तथा प्रदेशको समग्र विकासमा योगदान गर्नेछु। अध्ययनको प्रगति विवरण समय समयमा यस मन्त्रालयमा पेश गर्न मेरो मन्जुरी छ।

विद्यार्थीको औठाछाप:

हस्ताक्षर:

...............................

| दायाँ | बायाँ |
|---|---|
| | |